# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २१, अङ्क : १४, २०७९ पुस १७ गते आइतवार ( 1 Janu. 2023 ), मूल्य रु. २०।-




एमालेको समर्थनमा तेस्रो पटक प्रधानमन्त्री बन्नु भएका पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्रीको सपथ लिदैं। तत्कालिन सत्ता गठबन्धनमा भागबन्डा नमिले पछि एमाले, रास्वपा, राप्रपा र जसपाको समर्थनमा दाहाल प्रम।

## एमाले सहितका पार्टीको समर्थनमा प्रचण्ड प्रम

सुस्केरा समाचारदाता

डोल्पा, पुस - राष्ट्रपतिद्वारा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको छ।

राष्ट्रपति भण्डारीले मङ्सिर ४ मा भएको संघीय निर्वाचनमा प्रतिनिधि सभामा कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत हासिल गर्न नसकेपछि दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउन आह्वान भए अनुसार दाहाल प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो।

राष्ट्रपति भण्डारीसमक्ष अध्यक्ष लेनेकपा (एमाले), नेकपा ( माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टीसहितका सांसदको हस्ताक्षर पेश गर्नुभएपछि उहाँलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको जानकारी राष्ट्रपति कार्यालयले दिएको छ। प्रधानमन्त्री बन्न प्रचण्डलाई ७ दल र तीन स्वतन्त्र सांसदको समर्थन रहेको छ।

पहिलो चरणमा सानो मन्त्रीमण्डल गठन भएको छ। जसमा ३ उपप्रधानमन्त्री सहित ८ सदस्यीय मन्त्रीमण्डल बनेको छ। बाँकी मन्त्री थप्ने विषयमा छलफल भैरहेको भए पनि विश्वासको मत लिए पछि मात्रै मन्त्रीमण्डल विस्तार गर्ने प्रधानमन्त्री दाहालको सचिवालयले बताउने गरे

....... .. .पेज नं. ८ मा

## विद्यालयमा नागरिक अनुगमन

सुस्केरा समाचारदाता

डोल्पा, पुस - विद्यालय कसरी कसरी संचालन भैरहेका छन् भन्ने विषयमा मूल्याङ्कन गर्नका लागि आज नागरिक अनुगमन गरिएको छ।

नागरिक समाज डोल्पाको अगुवाइमा ठुलीभेरी नगरपालिकाको केन्द्र जुफालमा रहेको यस अघि नमुना विद्यालयका रुपमा सरकारबाट सहयोग समेत पाएको आदर्श माध्यमिक विद्यालय जुफालको विविध पक्षको अनुगमन गरिएको नागरिक समाज डोल्पाले जनाएको छ।

नगरपालिकाको केन्द्रमा रहेको आदर्श माध्यमिक विद्यालयको योजना र कार्यान्वयन, विद्यालयको सिकाइ वातावरण, विद्यालयको भौतिक संरचना र सेवा सुविधा, प्रसाशन र सुशासन व्यवस्था अवस्था, स्थानीयताको व्यवस्थापन, विद्यालय स्वास्थ्य र पोषण, अस्थायी सिकाइ केन्द्र लगायतका विषयमा विद्यालयमा नै

....... .. .पेज नं. ८ मा

## पर्यटक आगमन बढाउन पहल

मेनुका बुढा

डोल्पा, पुस - पर्यटन आगमन बढाउनलाइ पर्यटकहरुलाइ उचित व्यवस्था हुनु जरुरी रहेको छ। डोल्पामा आउने पर्यटकहरुलाइ व्यवस्था मिलाउन बाटो घाटोहरु राम्रो गराउने, बाटो बाटोका होटलहरु मा आएका पाहुनाहरुलाइ सम्मान तरीकाले व्यवस्था मिलाउनु पर्ने आगन्तुक हरुको अपेक्षा रहेको छ।

पर्यटकिय स्थलहरुको प्रचुर सम्भावना रहेको डोल्पामा आन्तरीक तथा बाह्य पर्यटकहरु करीब ९ महिनाको हाराहारीमा आइराख्ने भएकाले पर्यटकहरुलाइ उनिहरुले चाहे अनुसारको खान बस्नको लागि राम्रो व्यवस्था हुन जरुरी रहेको छ।

पर्यटकिय स्थल सम्म पुग्नको लागि लामो दुरीमा हिड्नुपर्ने बिच बाटोहरुमा राम्रो होटलहरु पनि नभएको ले

....... .. .पेज नं. ८ मा

## वास्तविक विकास हुनेछ भन्ने आशा

सुस्केरा समाचारदाता

डोल्पा, पुस - कस्तो प्रकारका योजनाहरु कसरी कसरी तर्जुमा र वितरण हुन्छन् भन्ने विषयले निकै विवाद हुने गरेका छन्।

जिल्लाबाट निर्वाचित प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्यले आफ्ना आफन्त, नेता कार्यकर्ता पोष्ने प्रकारका योजनाहरु दिने गरेको आरोप लाग्दै आएको छ। अब उप्रान्त यस प्रकारको व्यवहार नहोस् भन्ने आशा डोल्पालीहरुले राखेका छन्।

तर पनि डोल्पालीहरुमा निष्पक्ष, स्वतन्त्र र आवश्यकताका आधारमा विकास योजना आउलान र भन्ने पनि भेटिन्छन्। किन भने यस अघिका दिनहरुमा आफन्त पोष्ने, आफ्ना नेता र कार्यकर्ताहरुलाई चित्त बुझाउने प्रकारका योजनाहरु विनियोजन हुने गरेकाले पनि डोल्पालीहरुमा

....... .. .पेज नं. ८ मा

## राष्ट्रपतिद्वारा संसद् बैठक आह्वान

सुस्केरा समाचारदाता

काठमाडौं, पुस - राष्ट्रपति विद्यादेवी भण्डारीले यही पुस २५ गते सोमबार दिउँसो १ बजेका लागि संघीय संसद्को बैठक आह्वान गर्नुभएको छ। संघीय संसद सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाका अनुसार संसद् आह्वान भएको हो। मङ्सिर ४ गते सम्पन्न संघीय निर्वाचनपछि पहिलो पटक संसद् बैठक आह्वान गरिएको हो।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा सोमबार मन्त्रिपरिषद् गठन भएपछि सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले संसद् बैठक बोलाउन राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो।

साथै नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङ निलम्बित हुनु भएको छ।

नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङ निलम्बनमा पर्नुभएको छ। उहाँलाई सङ्घीय संसद् सचिवालयले मङ्गलबार सूचना जारी गर्दै निलम्

....... .. .पेज नं. ८ मा

## तपाईको मास्क खोइ ? अभियान फेरि सुरु भएको छ

सुस्केरा समाचारदाता

काठमाडौं, पुस - ट्राफिक प्रहरीले ' तपाईंको मास्क खोइ ?' अभियान फेरि सुरु गरेको छ।

यतिबेला काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ट्राफिक प्रहरीहरू मास्क खोइ लेखिएका सचेतनामुलक प्ले कार्ड बोकी सडकमा खटिन थालेका छन्।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले कोभिड-१९ को सम्भावित जोखिमलाई ध्यान दिँदै नागरिकलाई सचेत गराउन ठाउँठाउँमा प्लेकार्ड र सचेनामूलक काम पुनः सञ्चालन गरेको बताउनु भयो।

'अहिले धेरै जनाले मास्क लगाउन छाडिसक्नुभएको छ। छिमेकी मुलुकमा देखिएको कोभिड-१९ को महामारीको जोखिममा हामी पनि छौं,' उहाँले भन्नु भयो, 'त्यसैले मास्क प्रयोग गर्न नबिर्सौं भन्ने चेतनाका लागि प्ले कार्डको प्रयोग गर्ने र उनीहरूलाई सुझाव दिने काम भइरहेको छ।'

गएको मङ्गलबारदेखि काठमाडौं जिल्ला प्रशासन कार्यालय जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा स्थानीय तहले सार्वजनिक स्थान र सवारी साधानमा हिँड्नेलाई सुसूचित गर्ने र जनचेतना फैलाउनेसम्बन्धी छलफल भएको थियो। ट्राफिक प्रहरीले सोही छलफलपछि खै मास्क प्रयोग भन्ने सन्देश दिइरहेको उहाँले बताउनु भयो।

जिल्ला प्रशासन कार्यालय काठमाडौंका

....... .. .पेज नं. ८ मा

## एमाले सहितका … ….. ..

को छ ।

प्रधानमन्त्री दाहालको उदय यात्रा

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को जन्म वि.सं. २०११ मङ्सिर २६ गते कास्की जिल्लाको ढिकुरपोखरी गाविस वडा नं २ ले वाडेमा भएको हो । पिता मुक्तिराम र माता भवानीका जेठो छोरा प्रचण्डले आफ्नो प्रारम्भिक शिक्षा कास्कीको ढिकुर पोखरीमा लिनुभयो ।

वि.सं. २०२६ चितवनको नारायणी विद्या मन्दिर मावि शिवनगरबाट एसएलसी उत्तीर्ण भई २०२७-२०२९ पाटन बहुमुखी क्याम्पसबाट आईएससी पूरा गरी २०३१-२०३३ सालमा रामपुर कृषि क्याम्पसबाट कृषिमा बिएस्सी गर्नुभई एमपीएसम्मको अध्ययन गर्नुभएको छ । कक्षा १० मा अध्ययनरत हुँदा छविलाल दाहाल नाम परिवर्तन गरी पुष्पकमल दाहाल नामकरण गरिनुभएका प्रचण्डको २०३८ देखि २०६३ सम्म भूमिगत अवस्थामा रहँदा क. कल्याण, क. विश्वास, क. निर्माण र क. प्रचण्ड नाम रहेको थियो । वि.सं. २०१९ मा ढिकुरपोखरी-२ बाट चितवन भरतपुरको शिवनगरमा बसाइसराई गर्नुभएका प्रचण्डको वि.सं. २०२६ बैशाखमा सीता पौडेलसँग विवाह भएको हो ।

उहाँका तीन छोरी र एक छोरा भए । उहाँ नारायणी विद्या मन्दिर मावि शिवनगर-२०२९ साल, डण्डा मावि नवलपरासी र भीमोदय मावि, आरुघाट, गोरखा-२०३३-०३५ सालमा अध्यापन गरी २०३२ सालमा युएसएडमा सेवामा रहनुभएको थियो । वि.सं. २०२८ मा नेकपाको पुष्पलाल समूहमा पार्टीको सदस्यताबाट आफ्नो राजनीतिक जीवन प्रारम्भ गर्नुभएका प्रचण्डले रामबहादुर थापामगर 'बादल', मित्र दवाडी, खेम भण्डारी र पुष्प भुर्तेलससँग मिलेर २०३१ सालमा मार्क्सवादी अध्ययन समूह गठन गर्नुभएको थियो ।

उहाँ २०३४ सालमा चौथो महाधिवेशनमा प्रवेश गरी २०३५ सालमा पूर्णकालिन कार्यकर्ता र २०३६ सालमा चितवन जिल्ला समिति सदस्यमा निर्वाचित हुनुभएको थियो ।

उहाँ विसं २०३८ मा क्षेत्रीय व्यूरो सदस्य एवं अखिल नेपाल युवक संघको केन्द्रीय समितिको महासचिव भई २०४० मा संघको केन्द्रीय अध्यक्षमा निर्वाचित हुनुभयो ।

विसं २०४१ मा नेकपा मशालको पाँचौं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित, २०४२ मा पोलिटब्युरो सदस्य, २०४६ मा महामन्त्री र २०४८ सालमा नेकपा एकता केन्द्रको महामन्त्री हुनुभयो । यसैगरी, २०५१ सालमा तत्कालीन नेकपा-एकता केन्द्रको प्रथम राष्ट्रिय सम्मेलनपछिको बसेको तेस्रो विस्तारित बैठकपछि पार्टीको नाम फेरेर नेकपा (माओवादी) राखेपछि महामन्त्री हुनुभएका प्रचण्डले २०५२ सालदेखि सुरु भएको जनयुद्धको नेतृत्व गर्नुभयो ।

## तपाइको मास्क … …. ….

सूचना अधिकारी देवी पाण्डे खत्रीले अहिले नयाँ भेरियन्टको सङ्क्रमण नदेखिए पनि उच्च सतर्कता अपनाउन का लागि मास्कको प्रयोग बढाउन र रोगको रोकथामका लागि सचेतना बढाउन आग्रह गरिएको बताउनु भयो । 'गृहमन्त्रालयले पनि सूचना प्रकाशित गरेको थियो, त्यसपछि डिडिएमसीको बैठकमा जिल्ला समन्वय समितिका प्रमुख, समन्वय अधिकारी, प्रमुख जिल्ला अधिकारी तथा स्वास्थ्य कार्यालय प्रमुखसँगको छलफलपछि स्वाथ्य सतर्कता मापदण्ड पालना बढाउने निर्णय भएको थियो ।, उहाँले भन्नु भयो ।

यस क्रममा डोल्पा जिल्लामा पनि स्थानीय तथा कर्मचारीहरुले मास्क प्रयोग गरेको देख्न थालिएको छ । किनकी छिमेकी देशमा कोभिड १९ को सङ्क्रमण बढ्न थालेको छ । यसको प्रभाव आएमा फेरी स्वास्थ समस्या बढ्ने देखिए पछि मास्कको प्रयोग बढेको हो । आफ्नो मात्र होइन सबैको सुरक्षा जरुरी छ ।

छिमेकी राष्ट्र चीन र भारतमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ डट सेभेन (बीएफ डट ७) हालसम्म नेपालमा पुष्टि नभए पनि जोखिम उच्च भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले बताउनु भयो ।

## वास्तविक विकास ………

आवश्यकताका आधारमा योजना आउलान भन्ने विस्वास कम भएको हो । अझ पनि डोल्पालीहरुले आशा मारिसकेका छैनन् । यस निर्वाचनबाट नयाँ चुनिएकाहरुले पुरानाबाट सिक्ने हो । त्यस कारण दोहोरिएर जितेर गएकाहरुले यस अघिको कार्यकालको जस्तो आवश्यकताका आधारमा नभएर प्रदेशबाटै नामै तोकेर विकास योजनाहरुका लागि बजेट पठाउने, स्थानीय तहले त्यसो नगरौं, आवश्यकताका आधारमा राखौं भनेर अनुरोध गर्दा त्यो योजनै काटेर अन्त पठाउने, योजना आफ्ना मान्छेलाई दिन जिल्ला स्थित कार्यालयहरुलाई दवाव दिने जस्ता व्यवहार प्रदेश तथा प्रतिनिधिसभा सदस्यले गर्नु हुने छैन भन्ने आशा डोल्पालीहरुले राखेका छन् । नयाँ निर्वाचित प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्यहरुले भने आफ्नाहरुको झोली भर्ने गरी योजना जर्तमाका बेला गरिने त्यस प्रकारका व्यबहारहरु हटेर साँच्चै जिल्लाको हित हुने गरी, जिल्लाको वास्तविक विकास

## विद्यालयमा नागरिक ……..

पुगेर अनुगमन गरिएको थियो ।

अनुगमनका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु र अभिभावकहरुले अनुगमनका क्रममा सोधिएका प्रश्नको जवाफ दिनु भएको थियो ।

अनुगमन टोलीले प्रत्यक्ष अवलोकन गरेर, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा छलफल, प्रश्नोत्तर गरेर विद्यालयको विविध विषयमा बुझ्ने प्रयास गरेको थियो । विद्यालय परिसरमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो

## पर्यटक आगमन ……

पर्यटकहरु आएपनि कष्टकर छ भन्दै गुनासोका साथ फर्कने गरेको बाह्य पर्यटकका एक गाइडले बताएका छन् । विमान स्थल जुफाल, त्रिपुराकोट बगर कालागैंडा,रुपगाड सुलीगाड हुदै दुनै देखी जुन ठाउँहरुमा पर्यटकहरु जान चाहन्छन ति प्रत्येक ठाउँहरुमा राम्रा होटेल र होमस्टे सञ्चालन गर्न जरुरी रहेको छ ।

टाढा टाढाबाट आएका पर्यटकहरुलाइ गास बास र कपासको खासै व्यवस्था नहुने भएकाले उनिहरुले चाहेजसरी पर्यटकिय मनोरञ्जन लिन सकिरहेका छैनन् ।

दुनै सम्म दैनिक उपभोग्य वस्तुहरुको मुल्य ठिकै भएपनि उपल्लो डोल्पामा हरेक सरसामानहरुको मुल्य महङगो रहेको छ ।

कठिन यात्राको लामो दुरी पार गरी आए पनि सुबै कुराहरुको समस्या झेल्न पर्दा पर्यटकहरुले चाहे जति डोल्पाका पर्यटकिय स्थलहरु सम्म पुग्न कठिन भएको गुनासो गर्ने गरेका छन्

## कालो बजारी …. …..

बन गरेको हो । सङ्घीय संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले जारी गर्नुभएको सूचनामा सो कुरा उल्लेख छ। गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर छ । उहाँविरुद्ध २०७५ माघ माघ २१ गते विशेष अदालतमा दायर भएको भ्रष्टाचारसम्बन्धी मुद्दा किनारा लागेको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ऐन, २०४८ को दफा २ (घ) र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २ (घ) ले राष्ट्रसेवकविरुद्ध दायर भएको मुद्दा अन्तिम किनारा नभएसम्म स्वत: निलम्बन हुने व्यवस्था गरिएको छ ।


## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लागनबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# नयाँ सरकार गठन

निर्वाचन आयोगले प्रत्यक्ष तथा समानुपातिक तर्फको गरेर सम्पूर्ण निर्वाचन नतिजा सार्वजनिक गर्दै प्रतिनिधिसभा सदस्यको सम्माननिय राष्ट्रपति समक्ष र प्रदेशसभा सदस्य तर्फको नतिजा सबै प्रदेश प्रमुख समक्ष पेश गरे पछि सुरु भएको सरकार गठनको प्रयास अफल भैसकेको छ ।

यही क्रममा प्रतिनिधिसभा भित्र सबैभन्दा ठुलो दल नेपाली काँग्रेसले सरकार गठनको प्रयासका क्रममा गर्न नसकेको प्रयास स्वरुप नेकपा (एमाले)को समर्थनमा प्रतिनिधिसभा भित्रको तेस्रो ठुलो दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार गठन भएको छ । उहाँको नेतृत्वमा सरकार गठन गर्नका लागि नेकपा(एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल लगायतका पार्टी र स्वतन्त्र सांसदहरुको समर्थन रहेको थियो ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा सरकार गठनमा असफल हुनु भएको छ । तर पनि देशलाई प्रजातान्त्रिक संस्कारमा लैजानका लागि सत्ता पाएनौं भन्दैमा निरास हुनु हुँदैन । बरु दह्रो प्रतिपक्षको भूमिका खेलेर हलो अट्काउने मात्र भन्दा पनि रचनात्मक भूमिका खेलेर देशलाई निकास दिने र सरकारलाई सही बाटोमा हिड्न सक्ने बनाउनु नै उचित हुन्छ ।

यसका साथसाथै पहिलो चरणमा नेकपा(एमाले), नेकपा(माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल लगायतका पार्टीहरु र स्वतन्त्र गरेर १ सय ६९ जना सांसदहरुको समर्थन रहेको छ । १ सय ६९ जना सांसदको समर्थनमा नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष प्रधानमन्त्रीका लागि दावी पेश गर्नु भएको थियो । उहाँको दावी अनुसार प्रधानमन्त्रीमा नियुक्त भएका प्रचण्डले पहिलो चरणमा ८ सदस्यीय मन्त्रीमण्डल गठन भएको छ । बाँकी मन्त्री नियुक्त गर्ने काम विश्वासको मत हासिल गरिसके पछि मात्र हुने कुरा बताइरहनु भएको छ ।

निर्वाचनबाट राष्ट्रिय पार्टी बनेका सात राजनीतिक पार्टीहरु मध्ये नेपाली काँग्रेस बाहेकका सबै पार्टीहरु हालको सत्ता समिकरणमा सामेल भएका छन् । पहिलो चरणमा नेकपा(एमाले)बाट ४ जना, नेकपा(माओवादी केन्द्र)बाट २ जना, राष्ट्रिय स्वतन्त्र पार्टीबाट १ जना र जनमत पार्टीका गरेर ८ सदस्यीय मन्त्रीमण्डल रहेको छ ।

जे होस् । नेकपा(एमाले)को पहलमा कम्युनिष्टहरुको सरकार बनेको छ । सरकार गठन गर्न धेरै दलहरु समेट्नु पर्ने भएकाले प्रयास पनि निकै कठिनका साथ सफल भएको देखिन्छ । खिचडी सरकार भएकाले यसलाई टिकाउन झनै कठिन हुने विश्लेषण सबैतिर भैरहेको छ । उता प्रमुख प्रतिपक्षमा पुगेको नेपाली काँग्रेसले यो सरकार साझेदारी लामो समय नटिक्ने बताउने गरेको छ । जे होस् । कम्युनिष्ठ सरकार गठन भएकोमा कम्युनिष्टहरु खुसि भैरहेका छन् । तर यो सरकारलाई लोकप्रिय बनाउन निकै प्रयास आवश्यक छ । चेतना भया ।

# केही वृत्तहरु

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

शव छोडेर सब लग्यो,
अनि.... अनसन बसेका छन्
अक्षरहरु,

कहाँ पुग्नु भो आमा ?
नहिँडिकनै,
हामी
हिँडेर पनि कही कतै पुग्दैनौं ।

बुद्ध
नेत्रदान गरेर
दृष्टिहीन भएको ऊ

आफ्नै आँखा बोकेर हिँड्नेले
कुल्चिएर हिँडेको
अनायास थाहा पाउँछ

फेरि पनि उदेक मान्दैन
आँखा देख्नेले नदेखेकोमा ।

समय-सियो र धागो
समयले खारेर
घनलाई बन्चरो बनाए झैं
फालीलाई सियो बनायो,

जोड्नु छ मैले
दिन र रातका श्यामश्वेत
भूमिकाहरु
टुटेका पैतालाका
फुटेका छालाहरु
तुन्नु छ इज्जतको एउटा पर्दा,

बाटो कोपेर हिँड्नुपर्ने
तीखो यथार्थ,
थाहा छ बाटोमा आयुको धागो सकिन्छ,
यद्यपि खोइ
कुन युगमा रोकियो र यात्रा

समयलाई
खिया हुन नदिएर खिइएको हुँ,
यो चेतको चुच्चोसँगै ।

धन्यवाद
समयलाई
टुक्रामा टुक्रा पार्ने विचार
थियो होला तेरे .......
जसलाई
वर्ष मात्रै होइन
अभावमै पनि पर्याप्त हुनेगरि
महिना, हप्ता, दिन
घण्टा, मिनेट र सेकेन्डमा समेत
बाँडिदिइस्
सबैलाई चित्त बुझ्नेगरि

र आजसम्म
तेरो विरोध भएको पनि सुनिएको छैन

आँखाहरुलाई यहाँसम्म ल्याइ पुर्याउने
पक्कै प्रतिभाशाली थिइस् तँ
तँलाई धेरै धन्यवाद ।

खेलकुद

# तमु ल्होसारमा भलिबल प्रतियोगिता

सुस्केरा समाचारदाता

काठमाण्डौं, पुस - ताप्लेजुङमा तमु ल्होसारको अवसरमा आयोजना गरिएको भलिबल प्रतियोगिताको उपाधि फुङ्लिङ नगरपालिका-१० फुरुम्बुले जितेको छ। फाइनल (अन्तिम) खेलमा पाथीभरा याङ्वरक गाउँपालिका-१ नाङ्गोल्याङलाई पराजित गर्दै फुरुम्बोले उपाधि जितेको हो। फुरुम्बुले नाङ्गोल्याङलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो। भलिबल उपाधि जितेसँगै फुरुम्बुले ६१ हजार रुपियाँ नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता बनेको नाङ्गोल्याङले नगद ३५ हजार रुपियाँसहित मेडल र प्रमाणपत्रमा चित्त बुझाउनुपरेको थियो । तमु ल्होसार भलिबल खेल उपसमितिका संयोजक लक्ष्मण गुरुङका अनुसार भलिबल प्रतियोगिता सदरमुकाम फुङिलङको तोक्मेडाँडास्थित भीमकाली गुल्मको मैदानमा सञ्चालन गरिएको थियो ।

त्यसैगरी आयोजित पुरुष हाफ तथा महिला म्याराथन (दौड) प्रतियोगितामा पुरुषतर्फ दिवस लिम्बू र महिलातर्फ पेम्बाल्हामु शेर्पा प्रथम हुनुभएको छ। पुरुष हाफ म्याराथनमा निर्धारित दूरी एक घण्टा २० मिनेटमा पार गर्दै दिवस र महिलाका लागि निर्धारित दूरी ५३ मिनेट ५१ सेकेण्डमा पूरा गर्दै पेम्बाल्हामु प्रथम हुनुभएको हो । आयोजकका अनुसार पुरुषका लागि २१ किलो मिटर र महिलाका लागि नौ किलोमिटर दूरी निर्धारण गरिएको छ। पुरुषतर्फ एक घण्टा १८ मिनेटमा दूरी

# गतिशील स्थानीय सरकार

- चम्फा सिंह भण्डारी

ऐतिहासिक संविधान सभाबाट २०७२ मा नेपालको संविधान जारी भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ। मुलुकमा नयाँ राजनीतिक प्रणालीका रूपमा सङ्घीय संरचना कायम गरी सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। सङ्घ, सातवटा प्रदेश र ७५३ वटा गाउँ तथा नगर पालिका, उपमहानगरपालिका र महानगरपालिकाको व्यवस्था गरेको छ । संविधानको अनुसूची छदेखि नौसम्म एकल तथा साझा अधिकार सूचीमा तीन तहको कार्य जिम्मेवारी निर्धारण गरी सहकारी, सहअस्तित्व र समन्वयका आधारमा राज्य व्यवस्था सञ्चालन हुने परिकल्पना गरिएको छ । नेपालमा स्थानीय स्वायत्त शासनको विगतको अवस्थालाई मूल्याङ्कन गर्दा लामो समयदेखि विकेन्द्रीकरणका अभ्यास हुँदै आएको देखिन्छ। विकेन्द्रीकरणका लागि विभिन्न आयोगका प्रतिवेदनमार्फत ऐन जारी तथा एवं संशोधन गर्ने कार्य पञ्चायतकालमा पनि भए तर ती सबै अभ्यास सीमित रूपमा मात्र कार्यान्वयनमा आए ।

२०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएपश्चात् विकेन्द्रीकरणले ठूलो फड्को मार्‍यो। फलस्वरूप स्थानीय स्वायत्त शासन ऐन २०५५ र सो को नियमावली २०५६ लागू भयो। कानुनी रूपमा जनतामा अधिकार पुऱ्याउने दृष्टिले यो महत्वपूर्ण कदम भए पनि २०५४ सालपछि स्थानीय निकायको निर्वाचन हुन सकेन। लामो समयसम्म स्थानीय निकाय निर्वाचित जनप्रतिनिधिविहीनका रूपमा कर्मचारीको भरमा मात्र चल्न बाध्य भए। जनप्रतिनिधि नहुँदा यस समयमा विकेन्द्रीकरणको अभ्यास हुन सकेन। विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा लागू गर्न नसक्दा विकासमा अपेक्षित सफलता हासिल हुन सकेन । विगतका शासन प्रणालीका विकृति विसङ्गति हटाउन तथा जनतालाई अधिकार सम्पन्न बनाउन संविधानले अधिकार सम्पन्न स्थानीय तहको सरकारको संवैधानिक प्रत्याभूति गरेको छ । ....... (गोपबाट) .............

## हार्दिक मंगलमय शुभकामना

काइकेबासिहरुको महान पर्व चैती(छैगो) पर्व २०७९ को पावन अवसरमा काइकेबासि आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी साथै सम्पूर्ण काइकेबासिहरुको शुखशान्ति, समृद्धि, दिर्घायु, उन्नति र प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तेजेन्द्रबहादुर बुढा
उपप्रमुख एवम्
जिल्ला समन्वय समिति परिवार, डोल्पा

संस्कृति, कला, बाल संशार




तमु ल्होसारका अवसरमा आफ्नो जातिगत सांस्कृतिक नृत्य प्रदर्शन गर्दै । गुरुङ युवतिहरु । तस्विरः गोरखापत्रबाट साभार

# डोल्पामा लोडसेडिङ् जस्ता समस्या

गायत्री शाही

डोल्पा, पुस - डोल्पा जिल्लाका विभिन्न ठाउँहरुमा यहाँका स्थानीय हरुले धेरै समस्याहरुको सामना गर्दै जिन्दगी चलाइरहनु परेको छ । यस्तै बिभिन्न किसिमका समस्याहरु मध्येमा बिजुलि बत्तीको लोडसेडिङ नमस्ते मोवाइलको टावर पटक पटक जानु र खानेपानी आवश्यक मात्रामा उपलब्ध नहुनु लगायत अन्य धेरै किसिमका समस्याहरु सदरमुकाम दुनै मै अझै सम्म पनि अथावत नै रहिरहेको र यि समस्याहरुको कारण स्थानीय नागरिक हरुलाइ आफनो कामहरु गर्न निकै नै अप्ठ्यारो भइरहेको छ । आजभोलि त यि समस्या समाधान हुनेकुरा सपना जस्तै लाग्न थालेको समेत ठुलिभेरि नगर पालिका वडा नं ३ दुनैका केही स्थानीयहरुले बताउनु हुन्छ ।

डोल्पा जिल्लामा पहिला देखिनै स्थानीय प्रदेस तथा प्रतिनिधि सभाको चुनावको समयमा जनप्रतिनिधिहरु गाउँगाउँ मा जनतासामु भोट माग्न जाँदा उम्मेदावर हरुको एजेन्डाको लिस्टमा बिजुली बत्तीमा स्थानीय हरुले भोग्दै आइरहेको समस्या समाधा न गर्ने खानेपानीको समस्या हटाउने मोवाइल टावरको समस्या हटाउने लगायत कृषि शिक्षा स्वास्थ्य रोजगार देखि लिएर अन्य धेरै प्रकारका समस्याहरुमा स्थानीयहरुले भोग्दै आइरहेका बिभिन्न समस्या तथा दुख कष्ट हरुलाइ हटाउँने छौ । भन्ने गरेको डोल्पाका स्थानीयहरुको भनाइरहेको छ । तर स्थानीय चुनावमा यस्तै कुराहरु बोलेर निर्वाचित भएका जनप्रतिनिधिहरु ८ महिना बिति सक्दा पनि आज सम्म आफुले बोलेका कुराहरु बिर्सियर चुपचाप लागेर बसेको दुनैका स्थानीयले बताउने गरेका छन । यस्तै प्रदेस तथा प्रतिनिधि सभा सदस्यको चुनाव सकिएको छ । उनीहरुले पनि आफ्ना एजेन्डा बिर्सने हुन की भन्ने चिन्ता जनतामा छ ।

## सामान्य ज्ञान १४

*१. नेपाल सरकारले सबै क्षेत्रका श्रमिकलाई लागू हुने गरी पेन्सनसहितको सामाजिक सुरक्षा योजना कहिलेदेखि सुरु गरेको हो ?*

*☐ वि.सं. २०७५ मङ्सिर ११*

*२. 'लस्ट इन ट्रान्जिसन' नामक कृतिका लेखक को हुन् ?*

*☐ कुलचन्द्र गौतम*

*३. नेपालमा पहिलो पटक पाइलटको सहायताबिना जहाज अवतरण कहिले गराइयो ?*

*☐ वि.सं. २०६९ असोज १५*

*- (कतारको दोहाबाट काठमाडौं आएको दुई सय यात्रु सवार कतार एयरवेजको जहाजलाई स्याटेलाइटमा आधारित नेभिगेसन प्रणाली (ग्लोबल नेभिगेसन स्याटेलाइट सिस्टम)बाट सफल अवतरण गराइएको ।)*

*४. अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस कहिले मनाइन्छ ?*

*☐ अक्टोबर १७*

*- सन् २०२२ को नारा 'डिग्निटी फर अल इन प्राक्टिस : दी कमिटमेन्ट्स वी मेक टुगेदर फर सोसियल जस्टिस, पिस एन्ड दी प्लानेट)' रहेको ।*

*- यो दिवस संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९९३ देखि हरेक वर्ष अक्टोबर १७ का दिन मनाउँदै आइएको ।*

# कर्णालीलाई फर्केर हेर्दा ...



तिलक पौडेल

मेरो मुगु र डोल्पा बसाइका बेला

..... प्रेम भने २/३ वर्षसम्म त्यही खाइखेलेका, हाम्रो तुलनामा भोटे भाषाका ज्ञाता, भोटेनीहरूसँगको खेलव्यवहारका सूक्ष्मानुभवी हुँदा तिनी केटीसँग ठट्टालु कुरा गर्दथे । म भने भोटेनीहरूको आतिथ्य मूल्याङ्कन गर्नमा नै आफूलाई व्यस्त राख्ने चेष्टा गर्दै थिएँ ।

वास्तवमा यो नै मेरो पहिलो अवसर हो, जसमा एउटी भोटेनी युवतीको सच्चा हृदयबाट प्रस्फुटित कुनै छलकपटतिर ढल्कने सूक्ष्माभाससम्म नपाएको अगाध स्नेह र मायाको यथार्थता हेर्न पाएको । हामी दुईलाई अतिथिका रूपमा चिनाएकाले हो वा उनको बेहोरा नै त्यस्तै हो, उनीलाई जिस्काउने प्रेमप्रति पनि उनका रिसाइका भावहरू पढ्न गहन अध्ययन पनि असफलै हुन्थ्यो । बरु बीचमा □रिसायौ कि क्या हो ? टोमा□ भन्दा □किन रिसाउनु नि दाइ !□ भनी हर्षालु उत्तर दिन्थिन् । हातमा ताखु (ऊनीको धागो कात्ने कत्तुवा) लिएकी टोमाले हामीतिर मुखारित हुँदै □दाइहरूलाई भोक लागेको होला, के खान्छ ? आलि-२ आलु छन्, खान्छ दाइ ?□ भन्दा □हुन्छ□ भन्ने उत्तरसँगै उनको पछि-२ लाग्यौं - उनको नजिकैको घर तिर । सायद बिहान बनाएको उनीहरूको खाना होला ! हाम्रो अगाडी राखी नुन, खुर्सानी, लसुन पिनिदिन्छिन् । खाने समयमा बल्ल सम्पूर्ण बेलीविस्तार हुन्छ । म प्रश्न गर्छु -

तिम्रो बुवा खोइ त ?

कारमान्डु गया छ दाइ ! एक महिना भयो ।

अनि दाइभाइ कोही छैनन् त ?

दाइ पनि बासित गयो, भाइ बुन गया छ, आब आउला नि ! मैले आघि बोलायो ।

अनि यो गुम्बा कसले रेखदेख गर्दछ त ?

भाइ चुम्मा हो नि दाइ ! धुप बाल्ने, साफा गर्ने उही गार्छ ।

चुम्मा भनेको के हो दाइ ? म प्रेमतिर मुखारित हुँदै प्रश्न गर्दछु ।

१ वर्षसम्म जङ्गलमा बसेर भोटे भाषाका ज्ञान सिकेर आउँछन् र पछि बल्ल लामा हुन्छन् । लामाको पूर्वाधार यही चुम्मा हो क्यारे ! हैन त टोमा ? प्रेमले टोमासँग समर्थन/जिज्ञासा राख्छन् ।

हो दाइ, १ वर्षसम्मा मान्छीको मुखै नाहेरी खोपा बसेर ज्ञान सिक्छा र आनी चुम्बा भयो ।

त्यो समयमा के खान्छन् त ? म प्रश्न गर्दछु ।

फलानो ठाउँमा यति दिनको लागि खाना राखिदिन्छौं भन्ने घरको सल्लाह अनुसार बिहानपल्टी यिनीहरूले लगेर राखी दिन्छन् र उनीहरू आएर लगी खानाको रूपमा प्रयोग गर्दछन् । जसमा जौ वा फापर आदिको सातु बढी प्रचलित छ । यस्तै प्रश्नोत्तर हुँदाहुँदै आलु खाने काम सिद्धिन्छ ।

चिया बुनाऊँ कि दाइ ? टोमाले सोध्छिन् ।

भो ! भयो अब । म उत्तर दिंदै थिएँ, प्रेमले □खै त गुम्बा कतिबेला देखाइदिने ?□ भनी प्रश्न गर्दछन् ।

आब भाइ आइपुग्छान् । साँचो उनीसँग छा, मोसांग भाएको भोए त आघि देखाइदिन्थो नि दाइ ! टोमाले उत्तर दिन्छिन् । अनि हामी सबै बाहिरिन्छौं । संयोग भाइ पनि आइपुग्छन् । गुम्बा खोलिइन्छ र हाम्रो दृश्यावलोकनारम्भ हुन्छ । अन्य गुम्बाको जस्तै बुद्धका विभिन्नावस्थाका चित्रहरू/मूर्तिहरूका पङ्तिहरू हुन्छन् । हेरी सक्ने बेलामा एक कपडामा विभिन्न रङ्गका बुद्धमूर्ति/चित्रमा अर्कै रङ्गका केटीका चित्रहरू एकापसमा चुम्बन गरिएको दृश्य अङ्कित चित्र अगाडि पर्छ । प्रेमले बुझपचाएर भाइको मुखिज्जेल टोमालाई □यो के गरेको ?□ भनेर प्रश्न गर्दछन् ।

उनी मुस्काउँदै थिइन्, भाइ आएर □देउताले चुम्बन गर्याको□ भनी छोटो उत्तर दिई, दिदिसँग खाम कुराहरू गरेर दुबैजना हाँस्छन् । अनि मैले □यो कहाँबाट ल्याएको त ?□ भनी सोध्दछु ।

मेरो भाइ बुनाउँछन्, बावा बुनाउँछन्, यी सबै यहीं बनायो - यो उत्तर थियो टोमाको ।

यहाँ यी सबै रङ्गहरू छ ?

आँ, आइले पनि माथि बुनाउँदै गारेको छा एउटा !

खै हेर्न पाइन्छ ? ऐले ल्याएर देखाउनुहोस् त ।

माथि नै हिँडन, सबै हेरौला ! भनी भाइ अघि-अघि लाग्छन् र हामी त्यस १४ वर्षे चुम्बा भइसकेको टोमाको कलाकार भाइको पछि-पछि लागेर उपल्तिर जान्छौं । स्केच गरिसकेर पेन्टिङ्ग आरम्भ गरिएको एउटा चित्र फ्रेममै जडिएको अवस्थामै देखियो । अलि-अलि भएपनि कलातर्फ अकार्षितसम्म बन्न पुगेको मलाई ती केटाको कलाकारिताप्रति जिज्ञासा उत्पन्न हुनु स्वभाविकै थियो ।

यो लेख्ने ब्रसहरू खै कस्ता छन् ? भन्ने मेरो प्रश्नपछि कोही झोपा, कोही बाखाका, कोही भेडाका रौँहरू काठका कलमाकारमा बाँधिएका ब्रसहरू र काठमाडौंबाट फिकाइएका एबष्लतष्लन ऋयियगच हाम्रो अगाडि देखाउँछन् ।

ती आँखाका परेलाहरू लेख्ने बिरालुका रुआँका बुरस खै त ? टोमाले भाइलाई प्रश्न गर्दै हामीलाई मसिना रेखाहरू कोर्न अर्काथरी बिरालोका रौँहरूबाट बनाइएका ब्रसहरू भएको बताउँदै थिइन्, भाइले पनि तुरुन्त ल्याएर देखाइदिए ।

यो लेख्ने कपडा कहाँबाट ल्याएको नि ! मैले ती ब्रसहरूको गहन अवलोकनपछि भाइसँग प्रश्न गर्दछु ।

यो याहीं बुनाएको हो, हामी नै बुनाउँछौं ।

कसरी ? छोटो प्रश्नको उत्तरमा मलमलजस्तो कपडामा भोटे भाषामा के के लेखेर (छापेजस्तै-मलमल जस्तो कपडामा छापेजस्तै देखिन्छ, तर काठको ब्लकमा छाप बनाई के-के रङ्गमा चोपी छापाको रूपमा साना हस्तलिपि उतार गरेको देख्दा पनि तिनीहरूको उत्कृष्टता सराहनायोग्य हुन्छ) झण्डाको रूपमा प्रत्येक घरमा टाँगेको देखाउँदै - त्यस्तै कपडामा झोपाको छालाको रसमा गहुँको मसिनो पीठो रयालेर भिजाउँछ र यो फ्रेम (चौकोस) मा तन्काई सुकाएर बुनाउँछ दाइ ! भनी उत्तर दिंदा भए ।

यस्तो एउटा आधुनिकीकरणको अस्पष्ट आवाजसम्म सुन्न नपाइने स्थानमा जन्म लिएर □जननी जन्मभूमिश्च स्वर्गद्वापि गरियसी□ उक्ति शिरोधार्य गरी अनकण्टार्यतालाई पूर्णाङ्कमाल गरेर पनि यस्ता उपायको कल्पना गरी साकार पार्ने हे नेपाली युवक ! तिम्रो यो कलाको सराहना म कुन शब्दले गरुँ ? जस्ता विचार मनाङ्कुरण भएको हृदयभित्र आलै जस्तो छ । कला त्यो आत्मप्रस्फुटन हो, जसलाई बाह्य विकासको सजावटबाट कलात्मक बनाउन सकिंदैन, अर्थात् कला त्यो विकसित ठाउँको मात्र पेवा हैन बरु यो त त्यही विकसित अन्तरात्माको उद्गार हो जुन त्यस्तो अनकण्टार ठाउँमा जन्मी हुर्की बढेको (कम्ती पढेको) टोमाको भाइमा पनि पूर्णरूपमा विद्यमान हुन सक्छ जस्तो मलाई अद्यापि लाग्दछ । यस्तै तर्कनाहरू गर्दै ' म □यी चित्रहरू एकाएक कसरी बनाउँछौ त ?□ आफूमा पनि बनाउने रहर उब्जँदा उत्सुक बनेर प्रश्न गर्दछु ।

पेन्सीलको नामसम्म नजानेका तिनी काठमाडौंमा बहुमूल्यमा बिक्री हुने थाङ्का आर्टका आर्टिष्ट - भोटे केटा, पेन्सीलले पहिले स्केच गरी तिनै ब्रुसहरूका सहायताले पुस्तक वा मनको यथोचित रङ्गानुसारको रङ्गले पोती तयार पार्ने व्यहोरा बताउँछन् । भाइको नाउँ के हो ? मलाई त्यो नाउँ जान्ने मात्र हैन, कलाप्रतिको जिज्ञासाले त राम शब्दमा स्थानापन्न गराउँ जस्तो भएकाले अन्त्यमा प्रश्न गर्दो भएँ । .. ........ क्रमशः ........


## शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुंदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

# सांसदहरु विधालयक बनन्

- टीका भट्टराई(इकान्तिपुरबाट)

देशलाई खास चाहिएको विधायक सांसद हो जसले उपयुक्त विधिविधान प्रवर्तन गर्न सक्छ । स्थानीय सरकारले नै गर्न सक्नेजस्ता काम मात्र गरेर समय बिताउनु सांसदको भूमिकाको अवमूल्यन हो, चाहे त्यो संघीय होस् या प्रादेशिक ।

सदहरूको ध्यान सत्ता समीकरणतिर पुगिसकेको होला । यथास्थितिबाट व्याकुल र उत्साही दुवै खाले मत(दाताले केही नयाँ अनुहारलाई ‘नागपास’ खेलजस्तो गरी सांसदका रूपमा जिताएका छन् । नयाँ अनुहार का जनप्रतिनिधिहरूले वर्षौं दलको कुरुवातन्त्र कुर्दै स्थापित दलहरूका गुटबाट छानिनुपरेन ।

प्रारम्भिक समितिदेखि चुनिँदै आउनुपर्ने लेठो पनि उठाउनुपरेन । स्थानीय तह निर्वाचनमा पनि जनताले केहीलाई यस्तो अवसर दिएका थिए । कति अवस्थामा त्यस्ता ‘स्वतन्त्र’ उम्मेदवारलाई आफ्नो अपेक्षित भूमिकाको हेक्का छैन । उनीहरूले पदीय भूमिका र प्राथमिकता पहिल्याउन सकेको देखिन्न । नयाँ अनुहारका सांसदहरूले पनि आफ्नो विधायकी भूमिका र पालिकाका जनप्रतिनिधिबीचको फरक नखुट्याउलान् भन्ने डर छ । यद्यपि आफ्नो पृष्ठभूमि अनुसार ‘मैदानमा उत्रन’ उत्प्रेरित हुनु अस्वाभाविक भएन । सायद रवि र रवीन्द्रमा नेतृत्वमा रहँदा पनि पत्रकारी भूमिका हावी नै देखिएको छ । यसको मतलब दलको दलदल छिचोलेर आएका पुराना सांसदहरूमा त्यस्तो गुण भरपूर छ भन्ने होइन । ती कति त कर्मचारीहरूले आफ्नो भलाइ ध्यानमा राखी बनाइएका प्रस्तावहरू सदर गर्ने निरीह प्राणी होलान् । उनीहरूले पनि खासै वडाध्यक्ष र आफ्नो सांसदको भूमिकामा फरक देखेको अनुभव भएन; उही आफ्नो क्षेत्रमा बाटोघाटो, खानेपानी, ढल अनि चुनाव क्षेत्रका आफन्तलाई ‘घपलाबाजी’ को अवसर, सरुवा आदिमै उनीहरूको समय बित्यो, बित्न सक्छ । यो लेख त्यसतर्फ सचेत गराउन सकिन्छ कि भन्ने प्रयत्नको सानो भाग हो ।

हामीलाई थाहा छ, जेजे तन्त्र आए पनि हामीसँग अझै राष्ट्रिय पञ्चायतका सदस्य (रापंस) का भूमिकाको धङधङी छ– जरुरी निर्णय दरबारले गर्थ्यो र उनीहरू जनताको मत पाउन कुर्लीकुर्ली स्थानीय विकासको माग गर्थे । रेडियो नेपाल त्यो प्रसार गर्थ्यो । रापंसको भूमिका एक किसिमले निर्देशन पालन गर्न सक्ने तर सोच्न नपर्ने वा नपाउने वा नसक्ने औपनिवेशिक शिक्षाजस्तै थियो । अहिले दरबारहरू दलदलमा छन्, उनीहरू निर्णय गर्छन्, कर्मचारी बेहोरा लेख्छन्, सांसद छाप लगाउँछन् । अहिले सांसदले सांसदको भूमिका खोज्नु र खेल्नु सबै खाले सांसदको काम हो । अरूलाई भन्दा ‘स्वतन्त्र’ लाई दलको चाबुक नलाग्ने भएकाले आफ्नो पदलाई त्यो सांसदीय भूमिकाको उच्चतामा राख्ने उनीहरूलाई थप अवसर र दायित्व छ । उनीहरूले मत माग्ने बेलामै यो कुरा स्पष्ट नभनेकाले वा भन्न नजानेकाले वा थाहा नभएर पनि धेरै परम्परागत अर्थात् आफ्नो निर्वाचन क्षेत्रका विकास–निर्माण सम्बन्धी समस्या समाधान गर्ने भूमिका मात्र निभाउन पनि बाध्य छन् । यो चुनावपछि संसद् पनि नजाने चुनाव क्षेत्र पनि नजाने हरूको कुरा होइन । एक तहमा यो सक्रिय सांसदहरूका लागि हो जसमा केही गर्ने हुटहुटी छ ।

सांसद मतदाताको प्रतिनिधि हो । सैद्धान्तिक रूपमा सांसदले नीतिनिर्माणमा मात्र भूमिका छ भनेर सुख पाउँदैन । उसले मतदाताका अपेक्षाहरूको ख्याल गर्नैपर्छ । अहिलेको सांसदको भूमिका एक तहमा जनअपेक्षा अनुसारकै भूमिका हो- आफ्नो चुनाव क्षेत्रको विकासका बाधा हटाएर अगाडि बढ्ने, सामूहिक-व्यक्तिगत दुवै तहमा राज्यप्रदत्त सुविधाहरू उपलब्ध गराउने र त्यसो नभएको विषय सार्वजनिक रूपमा उठाउने जुन मतदाताले व्यावहारिक रूपमा गर्न सम्भव हुँदैन । कहिलेकाहीँ जनता नेताभन्दा अगाडि सरेर उर्लन्छन्, त्यो अर्कै कुरा हो । यस्तो परिस्थिति आउन नदिनु र आइहालेमा त्यसमा जनतासँग उभिनु उसको दायित्व हो । आफ्ना जनताका कुरा नसुनिएमा सांसदले आफ्ना मतदातासँगै मिलेर मतद(ाताका माग र गुनासाहरू अगाडि ल्याउन सक्छ । त्यसैले सांसदले आफ्ना यी दुई भूमिकाबीच प्रभावकारी रूपमा सन्तुलन मिलाउनुपर्छ र क्र(मशः सांसदको विधायकी भूमिकाका बारेमा पनि आफ्ना मतदातालाई सुसूचित गर्नुपर्छ । लोकतान्त्रिक सांसदको भूमिका उच्च छ । आफूलाई त्यो उच्चतामा पुर्‍याउने कि आफ्नो अक्षमता र सुझबुझको कमीले त्यसलाई नै तल झार्ने, सांसदको छनोटमा छ । कतिले बेलाबेलामा अहिले भइरहेको राजनीतिको सत्ता समीकरणलाई कट्टरताको बाँध फुटेका रूपमा पनि लिन्छन् । एमालेले र रा्रपा, माओवादी र कांग्रेस आदि । तर त्यो एक किसिमको सिद्धान्तहीनताको संकेत पनि हो । अति व्यवहारवादित(ाले दिशाहीन बनाउँछ । नयाँ पढेलेखेका भनिएका सांसदहरूले आफ्नो धरातल खोज्नु र स्पष्ट पार्नु जरुरी छ । आफ्ना दललाई सिद्धान्तको लिगमा हिँडाउनु वा फर्काउनु जरुरी छ । उदाहरणका लागि, कतिले राजतन्त्र पुनर्बहाली गर्नुपर्छ भन्छन् । यसमा कतिको चाहिँ हिजो जनतासरह रहेका नेताले सत्तामा ढलीमली गरेकामा ईर्ष्या पनि छ । यद्यपि उनीहरूको खराब प्रदर्शनले पनि वितृष्णामा मलजल पुर्‍यायो होला । मुख्य कुरा त जन्मका आधारमा कसैलाई कुनै जिम्मेवारी दिने कि नदिने भन्ने हो नि !

अर्कातर्फबाट हेर्ने हो भने, पहिलो संविधानसभापछि राज्य प्रणाली निरन्तर असमावेशी हुँदै गइरहेको देखिन्छ । सीमान्तीकृत समूह र समुदायमा गहिरो असर पर्ने काम निरन्तर रहेको अनुभव गर्न सकिन्छ । ती महिला, मधेशी, आदिवासी किन नहोऊन् । गरेर खान विदेश गएको जमातको सन्तति सचेत भएर हुकेपछि त्यो सीमान्तीकरणले विद्रोहको रूप लिन सक्छ । फेरि लामो अश(ान्तिको शृंखला ननिम्त्याउने हो भने नवसांसदहरूको यो दिशा बदल्ने काम गर्ने बृहत् जिम्मेवारी छ । सडक र बिजुलीले मात्र शान्ति दिँदैन । त्यस्तो काम स्थानीय सरकार अनि कुलमानजीहरूले गर्नुहुन्छ । समानुपातिकता व्यावहारिक र सैद्धा(न्तक दुवै तहमा हेरौं । यसो भन्दाभन्दै वातावरण विनाश र जलवायु परिवर्तनका असरप्रति पनि नवसांसदहरू संवेदनशील हुनुपर्नेछ । यो नयाँ धरातलीय यथार्थ हो जुन पुराना पुस्तालाई आत्मसात् गर्न समय लाग्ला । ...



## जनहितका लागि जारी सूचना

घरघरमा सफा पानी स्वच्छ जिन्दगानी
सिंचाई गरौं, उत्पादन बढाऔं,
बेरोजगार घटाऔं ।
दिगो विकासको मुख्य आधार
स्वच्छ खानेपानी र सरसफाई युक्त
बानी व्यवहार ।
घरघरमा सफा चर्पि हाम्रो जिम्मेवार
स्वच्छ पानी स्वस्थ बानी
हाम्रो सरोकार ।

खानेपानी, सिंचाई तथा उर्जा विकास
कार्यालय दुनै, डोल्पा

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा

# अनिश्चितता र शासन

- लक्ष्मीविलास कोइराला

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपश्चात् सजिलै सरकार बन्न नसकेको नेपालको राजनीतिक वातावरण, कोरोनाको महामारीसँगै ढोका ढकढक्याउँदै आउन लागेको मन्दीले विश्व र सँगसँगै नेपाल पनि अनिश्चितताको भुमरीमा फनफनी घुमिरहेको छ । अनिश्चिततामा शासन सञ्चालन र सार्वजनिक सेवाप्रवाह कठिन हुन्छ । सबै सिर्जना रुमलिएका हुन्छन् । व्यवसाय र रोजगारी र आयआर्जनका क्रम टुटेका हुन्छन् । लाखौं उद्यमी अनिश्चियको घरभित्र रुमलिएका छन् । विश्व अर्थतन्त्र धरमराएको छ ।

अनिश्चितताको सानो पटाक्षप मैले केही पहिले अनुभव गरेको थिएँ । जुन सम्भव भएर पनि अत्यन्त असाध्य बनेको थियो, त्यस परिस्थितिमा । मलाई नेपालगन्जमा आइपुगेपछि मात्र जानकारी भयो । काठमाडौंमा सोचेजस्तो थिएन, नेपालगन्ज-डोल्पाको हवाईयात्रा । भनौं न कर्णाली अञ्चलका मुगु, हुम्ला डोल्पा, जुम्ला सबैतिरको हवाईयात्रामा सधैं अनिश्चतै अनिश्चित देखें मैले ।

अनिश्चितता निश्चितताको विपरीत शब्द हो । इश्चिततामा 'नि' उपसर्ग जोडिएर बनेको निश्चिततामा थप उपसर्ग 'अ' लागेर अनिश्चितता शब्दको उत्पति भएको देखिन्छ । जसले धरमर के हुने, के नहुने अठोट गर्न वा निर्णय लिन नसकिने अवस्थाको अर्थ बोकेको हुन्छ । जब प्रकृतिस्थ संरचना वा प्रक्रिया आफ्नो नियमित चालमा क्रियाशील भएन भने अनिश्चतता आउने गर्छ । अनिश्चितताको सिर्जना अनपेक्षित घटना, महामारी वा राजनीतिक वा आर्थिक विशृंखलताले गर्छ ।

अनिश्चितता व्यक्तिका आन्तरिक र बाह्य सक्षमता विकास तथा व्यक्तिको जीवनवृति र वृतिविकासको बाधक मात्र नभएर जनकल्याण, देश विकास र मानवीय सुरक्षाको प्रमुख चुनौती बन्न पुग्छ । अनिश्चितताले मानिसको जीवनमा असजिलो र भय दुवै निम्त्याउँछ र अत्याउँछ । उच्च रूपमा असुरक्षित बनाउँछ । अनिश्चितताले एउटा अविश्रान्त संकट निम्त्याउँछ । त्यो संकट असह्य पीडादायी हुन्छ ।

शासन प्रणालीमा वा सामान्य नागरिकको जीवनमा अनिश्चितता अनुशासनहिनता, अभाव र अनुत्तरदायीपनका कारण आउने गर्छ । अनिश्चितता मूलतः सूचना प्रवाहमा हुने रोकावट, कञ्जुसीपन र अनिच्छाले थप अनिश्चित बन्न जाने गर्छ । सूचनाको अभाव, अज्ञानता, परिस्थितिको मूल्यांकन गर्न असमर्थ, घटना वा परिस्थितिको परिणाम अर्थात् लाभहानि आँकलन गर्न नसक्नु तथा समाधानका सम्भावना पहिचान गर्दै निर्णयमा पुग्न नसक्नुले अनिश्चततालाई थप अन्योल बनाउने गर्छ । अनिश्चिततामा प्रशासन बढीभन्दा बढी जनउत्तरदायी भएर जनताललाई सचेत र सूचित गर्न क्रियाशील हुनुपर्छ ।

अनिश्चितता जोखिमले भरिएको एउटा अत्यासलाग्दो क्षण हो । अनिश्चतता सम्भावना र असम्भावनाको मिश्रण भएकाले निर्णय लिन कठिन हुन्छ । सूचनाको अनिश्चितताले निर्णय लिने चुनौती सिर्जना गरेको हुन्छ । अनिश्चिततामा आवश्यक नीति निर्णय गर्न नसक्नु र नीति योजना बनाएर कार्यान्वयनको अनिश्चतता चिर्न सकिएन भने अनपेक्षित परिणाम भोग्नुपर्नेहुन्छ । निर्णयकर्ताले अनिश्चितताको अवस्थामा जोखिम उठाएर निर्णय गर्न सक्यो भने त्यो नै नेतृत्वको एउटा खुबी बन्न जान्छ ।

म कुनैबेला डोल्पा यात्राको प्रसंगमा अनिश्चितताभित्र पिल्सिरहेको थिएँ । प्राकृतिक सुन्दरता र प्राकृतिक स्रोतको अनुपम भण्डार रहेको कर्णाली अञ्चल पुग्न कठिन यात्रा गर्नुपर्ने थाहा नै थियो । तर, अनिश्चितताको अन्धकारपूर्ण जालो'दयगत ममा जानकारी रहेनछ, पूर्णरूपमा । सडकको पहुँच नपुगेका डोल्पा र हुम्लाको यात्रा त झन् महाकठिन । पर्खाइ र अनिश्चितताबीच नगिचैको तर विपरीत नाता हुन्छ । पर्खन सक्ने धैर्यताले अनिश्चितताको परिणाम सहन सहज बनाउँछ । पर्खन सक्ने क्षमता विकास गर्नु अनिश्चितताभित्र बाँच्ने आधार निर्माण गर्नु हो । नेपालको राजनीतिमा प्रधानमन्त्रीको पद हत्याउने लोभ र अनिश्चितताले राजनीतिक क्षेत्रमा थप अन्योलता थपिरहेको छ ।

हवाईयात्रा अनिश्चित तथा अपर्याप्त र महँगो भएका कारण कर्णाली प्रदेशमा पर्यटकको आगमनमा सोझै नकारात्मक प्रभाव पर्ने त छँदै छ । त्यसमाथि प्रशासनिक दृष्टिले शासन गर्न पनि उत्तिकै कठिन देखिन्छ । हवाईयात्राको अनिश्चितताका कारण देशका दुर्गम जिल्लाको आवतजावत र ती जिल्लाको उत्पादनले बजार पाउने वा बजार उपलब्ध हुन पनि अनिश्चित हुने गर्दो रहेछ । र वस्तुको आपूर्ति अनिश्चित बन्दो रहेछ ।

त्यसको कारण लगानी डगमगाउने रहेछ । अनिश्चित राजनीति, अर्थात् अस्थिर राजनीति तथा अनिश्चित बजार प्रवृति सम्पूर्ण आर्थिक क्रियाकलाप र देश विकासको बाधक हो । यस्तोबेलामा केवल दुर्व्यसनी, तस्कर, माफिया तथा गैरकानुनी क्रियाकलाप मात्र फस्टाउँछन् ।

एयरलायन्सको कर्मचारीले भोलि बिहान डोल्पा उड्न पाउनुहुन्छ भने पछि मात्र हामी एयरपोर्टको छेवैको होटलमा बस्यौं । अनिश्चितता चिरिने आशामा रात टर्‍यो । हामीलाई सूचना दिइएझैं हामी सबेरै ५ बजे होटलबाट हिँड्दै राँझा एयरपोर्ट पुग्यौं । टर्मिनल भवनमा जात्रा लागेझैं यात्रु खचाखच थिए । हामी सिधैं काउन्टरमा गयौं र सोध्यौं । परिस्थिति कस्तो छ ?

प्लेन टेक्निकल कारण जुम्लामा छ । पोखराबाट अर्को प्लेन मगाएको छ । प्लेन आएपछि भन्न सकिन्छ । एयरलाइन्सका कुनै कर्मचारीले जवाफ दियो । अनिश्चय झन् बढनेगरी । उफ् कसरी डोल्पा उड्ने त हामी ? अनिश्चितताले हामीलाई पूरै जकडेको थियो । मेरो मुखबाट निराशाको भाव निस्कियो । यात्रुहरू एयरलाइन्स हवाईसेवाका मान्छेसँग खासखुस गर्दै थिए । कोही कसैले अनुनय विनय गरेजस्तो लाग्थ्यो । सबैको अनुहारमा एक किसिमको दिक्दारी देखिन्थ्यो, खुसी हराएजस्तो । यात्रुहरूको चाप, थोरै जहाज, त्यै पनि थोत्रा बिग्रिर हने कारण दुर्गम यात्रा कठिन थियो । कस्तो अनिश्चित यात्रा ? यात्रुहरूको दुःखद प्रतिक्रिया थियो । .........

(साभारः राजधानी)


## हार्दिक मंगलमय शुभकामना

काइकेबासिहरुको महान पर्व चैती(छैगो) पर्व २०७९ को पावन अवसरमा काइकेबासि आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी साथै सम्पूर्ण काइकेबासिहरुको शुखशान्ति, समृद्धि, दिर्घायु, उन्नति र प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

निमा बुढा
उपाध्यक्ष एवम्
काइके गाउँपालिका परिवार, डोल्पा

## हार्दिक मंगलमय शुभकामना

काइकेबासिहरुको महान पर्व चैती(छैगो) पर्व का साथै दुनैका थाला, तिप्ला लगायतमा मनाइने चैती पर्व २०७९ को पावन अवसरमा सम्पूर्ण आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी साथै सम्पूर्ण काइके र थाला-तिप्लाबासिहरुको शुखशान्ति, समृद्धि, दिर्घायु, उन्नति र प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

स्वबर्ण बुढा
नगर प्रमुख एवम्
ठुलीभेरी नगरपालिका परिवार जुफाल, डोल्पा

## हार्दिक मंगलमय शुभकामना

काइकेबासिहरुको महान पर्व चैती(छैगो) पर्व २०७९ को पावन अवसरमा काइकेबासि आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी साथै सम्पूर्ण काइकेबासिहरुको शुखशान्ति, समृद्धि, दिर्घायु, उन्नति र प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

शेरबहादुर बुढा
कर्णाली प्रदेशसभा सदस्य
डोल्पा

# नयाँ सरकारसँग युवा अपेक्षा

- गोविन्द मरासिनी(गोपबाट)

नेपालमा नयाँ सरकार गठनको रस्साकस्सी चलिरहेको थियो । युवा पुस्ताका नेता कसरी सरकारमा पुग्ने भन्ने जोडघटाउमा थिए । यसैबीच केही दिनअघि मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश जान लागेका कलिला उमेरका दुई किशोरले सबैको ध्यान खिचे । सामाजिक सञ्जालमा उनीहरूको फोटो भाइरल बन्यो । ठीक त्यही समय नेपालमा भने सरकार कसले चलाउने भनेर हानाथाप थियो । ती दुई युवा त उदाहरणका पात्र मात्र हुन्, उनीहरूजस्ता कैयौँ किशोर, किशोरी बिहान, बेलुकाको छाक टार्नकै लागि आफ्नो परिवारसँग विछोड भई विदेश जान बाध्य छन् ।

यसको प्रमुख कारण बेरोजगारी नै हो । चुनावका समयमा युवालाई रोजगारी दिलाउने भनेर चर्को नारा र घोषणापत्र बनाउने दलका नेता सत्तामा पुगेपछि देश हैन, आफू कसरी सुखी र सम्पन्न हुने भन्नेमा मात्र ध्यान दिनुको परिणाम हो यो । यस पटक पनि युवाका लागि देशमै रोजगारी सिर्जना गर्ने भनेर ठूलो गफ दिने नेता नेतृत्व तहमा पुगिसकेका छन् तर सधैँ चर्को भाषण गर्ने व्यवहारमा उतार्न नसक्ने नेताबाट युवापुस्ताले झिनो आशा मात्र राखेका छन् । बर्सेनिजस्तो हुने सरकार परिवर्तनले युवाका मुद्दा खासै सम्बोधन भएको पाइँदैन । यस पटकको निर्वाचनपछि धेरै युवा राज(नीतिक तहमा पुग्ने अपेक्षा गरिएको थियो तर सरकारको नेतृत्व भने पुरानै पुस्ताका नेतामा पुग्दा युवापुस्ता अझ निरास छन् । राजनीतिमा पुस्ता हस्तान्तरणको चर्को गफ छाँट्ने नेताले नै पुस्ता हस्तान्तरण नचाहँदा सत्ताको बागडोरमा पुनः पुरानै नेतृत्व हावी भएको अनुमान गर्न सकिन्छ । यसबाट आफ्नो पुस्ताको नेतृत्व पाउने आशामा बसेका युवा निराश बनेका मात्र छैनन्, राजनीतिमा भर्खरै स्थापित हुँदै गरेका युवा पनि निरास छन् । नेपालमा रोजगार त परको कुरा राहदानी लिनका लागिसमेत घण्टौं लाइन र घुस दिनुपर्ने अवस्था छ । यस्तो अवस्थामा सरकारको नेतृत्व तहमा पुगेका युवालाई पुनः पुरानै पुस्ताका नेतासँग लडेर युवाका सवाल स्थापित गर्नका लागि कठिन देखिन्छ तर पनि संसद्मा पुगेका धेरै युवामध्ये केही युवा सरकारको नेतृत्वमा पुग्ने र युवापुस्ताका सवालमा केही हुने झिनो आशा भने जीवितै छ । देशमा युवाका लागि सबैभन्दा मूल समस्याका रूपमा रहेको बेरोजगारी नै हो । युवाका लागि नयाँ सरकारले मुख्य एजेन्डा बनाउनुपर्ने नै रोजगारी हो । यसका लागि केन्द्रीय सरकारले युवाका लागि युवा उद्यम बनाउने, स्थानीय उत्पादनमा प्रोत्साहन गर्ने, कृषि र पशुपालनमा अनुदानको व्यवस्था गर्ने, उद्योग र कलकारखाना स्थापना गर्ने, स्थानीय तहसम्मै युवाका लागि तालिमको अवसर दिनेलगायतका विषयलाई प्राथमिकतामा राख्नुपर्नेछ । केन्द्रीय सरकारले युवालाई प्रदेश र स्थानीय सरकारको समन्वयमा युवालाई उद्यम बनाउने कार्य महत्वपूर्ण कार्यभार सम्झेर अगाडि बढाउनु जरुरी छ । विकासको मूल प्रवाहमा रहेका युवालाई प्रत्यक्ष सहभागी गराउनु भनेको स्थानीय सरकार मात्र नभई मुलुक नै समृद्धिको बाटोमा अगाडि बढ्नु हो । उद्यमशीलताले नै देशमा बेरोजगारी युवाको सहयोग भएर रोजगारी सिर्जना गर्छ । उद्यमीहरूको उद्यम(शीलता र लगनशीलताले नै आज विश्वका धनी राष्ट्रको अर्थतन्त्रमा बृहत्तर विकास सम्भव भएको हो । राज्यले स्थानीय स्तरमा उत्पादन हुने वस्तुलाई प्राथमिकतामा राखेको भए पनि धेरै स्थानीय तहले यो लागू गर्न सकेका छैनन् । जसका कारण युवाले स्थानीयस्तरमै उत्पादित सामग्रीले बजार नपाउने र आफ्नै स्थानीयस्तरमा बाहिरबाट आयातित वस्तुको उपभोग बढ्दो क्रममा रहेको छ ।

नेपाल एक कृषिप्रधान देश हो, हामी सबैलाई थाहा छ तर यहाँका खेतीयोग्य जमिन बाँझो छन् । सरकारको राम्रो साथ नपाउँदा खेतीयोग्य जमिन छाडेर युवा खाडी मुलुकमा जान बाध्य छन् । स्थानीयस्तरमै पनि धेरै युवाले कृषि र पशुपालनको क्षेत्रमा काम गरेर आत्मनिर्भर हुन चाहेका हुन्छन् तर उनीहरूसँग लगानी गर्न आर्थिक अभाव हुन्छ । जसका कारण उनीहरू आफ्नो गाउँ र देश नै छाडेर विदेश जान बाध्य हुने गरेका छन् । सरकारले कृषि र पशुपालनमा अनुदानको व्यवस्था गरेर युवाका लागि नेपालमै बस्ने वातावरण बनाउनुपर्छ ।

युवा पुस्तालाई रोजगारका लागि प्रचुर सम्भावना रहेको उद्योग, कलकारखाना क्षेत्रमा हो । बन्द रहेका ठूला उद्योग कलकारखानालाई खुलाउन तदरुकता देखाएमा पनि युवालाई रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ । स्थानीय स्तरदेखि नै सानादेखि केन्द्रमा ठूला उद्योग सञ्चालनले पनि रोजगारी दिलाउन सकिन्छ । युवालाई स्थानीय स्तरमै दिन सकिने विभिन्न तालिमका अवसरसमेत प्रदान गरेर युवालाई प्राथमिकतामा राख्न सकिन्छ । यसका साथै विदेशबाट फर्किएका युवा जमातलाई विदेशमा सिकेर आएको ज्ञान, सीपलाई सदुपयोग हुने खालको व्यापार, व्यवसायमा लगाएर उनीहरूलाई विदेश जानबाट रोक्न सकिन्छ । खेलकुद र पर्यटन क्षेत्रबाट पनि रोजगार उन्मुख बनाउन सकिन्छ, त्यतातर्फ पनि सरकारले ध्यान दिनु अत्यावश्यक छ । खेल क्षेत्रमा राज्यले प्राथमिकतामा राखेर युवालाई त्यसतर्फ आकर्षित गर्दा राज्यले स्टार खेलाडी उत्पादन गर्न सक्छ; जसले युवालाई अवसर प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा ........ (गोपबाट)


## हार्दिक मंगलमय शुभकामना

काइकेबासिहरुको महान पर्व चैती(छैगो) पर्व २०७९ को पावन अवसरमा काइकेबासि आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी साथै सम्पूर्ण काइकेबासिहरुको शुखशान्ति, समृद्धि, दिर्घायु, उन्नति र प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अंगद राना
अध्यक्ष एवम्
काइके गाउँपालिका परिवार, डोल्पा

## हार्दिक मंगलमय शुभकामना

काइकेबासिहरुको महान पर्व चैती(छैगो) पर्व २०७९ को पावन अवसरमा काइकेबासि आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी साथै सम्पूर्ण काइकेबासिहरुको शुखशान्ति, समृद्धि, दिर्घायु, उन्नति र प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धनबहादुर बुढा
प्रतिनिधिसभा सदस्य एवम्
पूर्व पर्यटन राज्यमन्त्री, डोल्पा


## छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय

कागकोट, डोल्पा